# प्रेस विज्ञप्ति

## नेपाल बैंकका ग्राहकहरुलाई नयाँ बर्ष २०७९ को अवसरमा बिशेष अफर

### अनलाईन सपिङ्ग पोर्टल दराज मार्फत खरिद गर्दा १५ प्रतिशत सम्म छुट

मिति २०७८ साल चैत्र २२ गते मंगलबारका दिन नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेड र अनलाइन सपिङ पोर्टल दराज केयमु प्रा.लि. बिच बैंकमा खाता रहेका ग्राहकहरुलाई नेपाली नयाँ वर्षको अवसरमा छुट प्रदान गर्ने सम्झौता भएकोछ । यो योजना २०७८ चैत्र २८ देखि लागू हुनेछ। उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारी र दराजको तर्फबाट प्रबन्ध निर्देशक श्री आँचल कुँवरले हस्ताक्षर गर्नुभएकोछ । नेपाल बैंकले आफ्ना ग्राहकहरुलाई छुट प्रदान गर्न ई-कमर्स प्लेटफर्मसँग साझेदारी गरेको यो पहिलो पटक हो । नेपाल बैंकमा कार्यरत कर्मचारीहरु र बैंकमा खाता रहेका ग्राहकहरुले दराजद्वारा अनलाइन सामान खरिद गर्दा डेबिट कार्डको माध्यम मार्फत अग्रिम भुक्तानीमा अधिकतम १०% वा रु १,००० सम्मको छुट र क्रेडिट कार्डको माध्यम मार्फत अग्रिम भुक्तानीमा अधिकतम १५% वा रु १,५०० सम्मको छुट प्राप्त गर्न सक्नुहुनेछन् । उक्त छुट प्रप्त गर्नको लागि ग्राहकहरुले आफ्नो कार्डमा ई-कमर्स सक्रिय गर्नु पर्छ। त्यसको लागि ग्राहकहरुले नेपाल बैंकको शाखाहरुमा सम्पर्क गर्नु पर्दछ । बैंकले ग्राहकहरूलाई आफ्नो कार्डमा ई-कमर्स सक्रिय गर्न र क्रेडिट कार्डको लागि आजै आवेदन दिन समेत आग्रह गरेकोछ ।

नेपाल बैंकले निरन्तर नविनतामा जोड दिँदै आएको र डिजिटल ग्राहकको संलग्नता बढाउन समर्पित छ। सम्झौता समारोहमा बोल्दै नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले यस्ता डिजिटल सेवाहरू बढाएर र नयाँ प्राविधिक आविष्कारहरू सँग अनुकूलन गरेर नेपालको सम्पूर्ण बैंकिङ्ग उद्योगलाई नयाँ आकार दिन सकिने बिचार व्यक्त गर्नुभयो । दराजकी प्रबन्ध निर्देशक श्री आँचल कुवँरले नेपालको पहिलो तथा सबल बैंकसंग सहकार्य गर्न पाएकोमा खुशि व्यक्त गर्नुभयो । नेपालभर २१३ शाखाहरु, १६० एटिएम मेसिन साथै ५० वटा एक्सटेन्सन काउन्टर मार्फत करिब २० लाख ग्राहकहरुलाई वित्तीय सेवा पुर्‍याईरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ्ग प्रविधि मार्फत बैकिङ्ग सेवा सुविधा प्रदान गर्दै प्रतिस्पर्धि रुपमा अगाडि बढिरहेको छ ।

काठमाण्डौं, २०७८ चैत्र २२ गते मंगलवार

भवदीय,

(प्रकाश कुमार अधिकारी)
प्रवक्ता/प्रमुख प्रशासकीय अधिकृत